# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक २२० | बुटवल | २०८२ साउन २० गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday August 05, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## कक्षा १२ मा ६१.१७ प्रतिशत विद्यार्थी उत्तीर्ण



बुटवल । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ । सार्वजनिक नतिजा अनुसार कक्षा १२ मा ६१.१७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

त्यस्तै, ३८.८३ विद्यार्थी ननग्रेड भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ । गत ११ बैशाखका लागि तय भएको परीक्षा आन्दोलनका कारण २१ बैशाखदेखि भएको थियो ।

परीक्षामा ५ लाख ११ हजार ५ सय २५ परीक्षार्थी सहभागी भएका थिए । गत वर्षभन्दा यो वर्ष कक्षा १२ को नतिजा ९ प्रतिशतले वृद्धि भएको छ । राष्ट्रिय परीक्षा बोर्डले सोमबार कक्षा १२ को नतिजा सार्वजनिक गर्दै ९ प्रतिशतले नतिजा वृद्धि भएको जानकारी गराएको छ ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम अधिकारीले विद्यार्थीको मिहेनत र अभिभावक सिरियस भएका कारण नतिजा वृद्धि भएको बताए ।

उनका अनुसार, कक्षा १२ मा ६१.१७ प्रतिशत उत्तीर्ण भएका छन् । त्यस्तै, ३८.८३ विद्यार्थी ननग्रेड भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

त्यस्तै, आगामी भदौ २८ र २९ गते ग्रेड वृद्धि परीक्षा हुने बोर्डका अध्यक्ष अधिकारीले जानकारी गराए ।

## लिङ्देनविरुद्ध राप्रपा असन्तुष्ट पक्षको भेला



बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को असन्तुष्ट पक्षले अध्यक्ष राजेन्द्र लिङ्देनले गरेका निर्णय उल्टाउन दबाब दिने निर्णय गरेको छ ।

असन्तुष्ट पक्षको हात्तीसारमा बसेको बैठकले कार्यसम्पादन र केन्द्रीय समिति बैठकमा एकजुट भएर प्रतिवाद गर्ने निर्णय गरेको छ ।

बैठकमा सहभागी नेताहरुका अनुसार अध्यक्षले अवैधानिक निर्णयहरु गरिराखेकाले अवैध निर्णय बदर गराउन कार्यसम्पादन र केन्द्रीय समितिमा जोडदार माग राख्ने निर्णय भएको छ ।

राप्रपाले केन्द्रीय समितिको बैठक भदौ दोस्रो साता बोलाउने तयारी गरेको छ । उक्त बैठकमा अनिवार्य उपस्थित हुन र न्यायका पक्षमा आवाज उठाउन संस्थापनइतरका केन्द्रीय सदस्यहरुलाई निर्देशन दिने निर्णय भएको बैठकमा सहभागी नेताले जानकारी गराए ।

अध्यक्ष लिङ्देनले अनुशासन समितिको संयोजकमा रोशन कार्की नियुक्त गरेपछि दुई पक्षको सम्बन्ध बिँग्रिँदै गएको छ ।

नवराज सुवेदीले सम्हालेको अनुशासन समितिको संयोजकमा अध्यक्ष लिङ्देनले उनी निकट नेता एवं सांसद रोशन कार्कीलाई मनोनित गरेका थिए ।

सुवेदीले पार्टी परित्याग गरेको घोषणा गरेको दाबी गर्दै संस्थापन पक्षले अर्को व्यक्तिलाई जिम्मेवारी दिएको बताउँदै आएको छ । प्रवक्ता सगुन लावतीलाई पदमुक्त गरिएको विषयमा समेत दुई पक्षमा विवाद छ । उनीहरुलाई पदमुक्त गरेको विषय निर्वाचन आयोगमा समेत पुगेको छ ।

» बाँकी ३ पेजमा

## नेतृत्वविरुद्ध बोल्न नपाउने माओवादी निर्णय

बुटवल । नेकपा माओवादी केन्द्रले नेताहरूलाई पार्टी नेतृत्वविरूद्ध अभिव्यक्ति नदिन सचेत गराएको छ ।

शुक्रबार सुरु भइ सोमबार सकिएको पार्टी स्थायी समिति बैठकले नेतृत्वविरूद्ध अभिव्यक्ति नदिन पार्टी नेता कार्यकर्ताहरूलाई सचेत गराएको हो ।

सचिव हरिबोल गजुरेलले पार्टीका नेताहरूमा संगठनात्मक अराजकता र नेतृत्वका विरूद्ध जथाभावी अभिव्यक्ति दिने क्रम बढेपछि स्थायी समिति बैठकले यो निर्णय गरेको बताए ।

गजुरेलले बैठकबाट जनार्दनलाई पनि सचेत गराइएको बताए ।

उपहासचिव जनार्दन शर्माले पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डका कारण पार्टीमा समस्या आएको बताउँदै आएका थिए । पार्टीका अरू नेताहरूले भने प्रचण्डमाथि प्रश्न गरेको भनेर शर्माको आलोचना गरिरहेका थिए ।

अधिकांश स्थायी कमिटी सदस्यहरूले शर्माले पार्टी विधि विपरीत बोलेको भन्दै उनले आत्मालोचना गर्नुपर्ने धारणा राखेका थिए ।

शर्माले भने आफूले गरेको कमजोरीको मात्रै जिम्मेवारी लिने भन्दै आत्मालोचना गर्न अस्वीकार गरेका थिए । त्यसपछि बैठकले अब आइन्दा पार्टीका विषयमा पार्टीभित्रै छलफल गर्नुपर्ने र बाहिर अभिव्यक्ति दिँदै हिँड्न नहुने निष्कर्ष निकालेको हो ।

### ग्रामीण विकास लघुवित्तको साधारणसभा विवाद :

# समाज लघुवित्तलाई गाभ्ने निर्णय खारेज गर्न गभर्नरलाई ज्ञापनपत्र





**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.का संस्थापक शेयरधनी महिलाहरुले हालै सम्पन्न दशौं साधारण सभाको निर्णय सच्याउन माग गर्दैनेपाल राष्ट्र बैंकका गभर्नरलाई ज्ञापनपत्र बुझाएका छन् । संस्थाको गत असार २८ गते सम्पन्न दशौं साधारणसभाले तीन जिल्ला कार्यक्षेत्र भएको सर्लाहीको समाज लघुवित्त वित्तीय संस्था लि.लाई गाभ्ने निर्णय गरेको थियो ।

उक्त संस्थालाई गाभ्ने निर्णय औचित्यपूर्ण नभएको, संस्थापक शेयरधनीहरु र कर्मचारीहरु समेत गाभ्न नहुने पक्षमा रहँदा रहँदै प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवालको कार्यकाल दोहोऱ्याउन निर्णय गरिएको भन्दै तत्काल खारेज गर्न माग गर्दै गभर्नर डा. विश्वनाथ पौडेललाई ज्ञापनपत्र बुझाइएको हो ।

शेयरधनी महिलाहरुले सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवालले पदीय अख्तियारको दुरुपयोग गरी सम्पन्न गरेको साधारण सभालाई मान्यता नदिन समेत माग गरेका छन् ।

ज्ञापनपत्रमा संस्थाका अध्यक्ष भरतराज कोइराला र प्रमुख कार्यकारी अधिकृत कटुवाललाई निलम्बन गर्न समेत माग गरिएको छ ।

शेयरधनी महिलाहरुले उक्त साधारणसभामा सहभागी हुन गरिएको सूचना पटक-पटक फेरबदल गरी अलमलमा पारिएको, हतियारसहितका प्रहरी परिचालन गरी साधारणसभामा प्रवेशमा रोक लगाउने प्रयास भएको जानकारी गभर्नर पौडेललाई गराएको संस्थापक शेयरधनी एवं पूर्व सञ्चालक जमुना ढकालले बताइन् ।

विवादित साधारणसभा, हालै गरिएको ५ सय ५० जना कर्मचारी नियुक्ति, महँगा गाडी खरिद, सञ्चालक समितिको बैठक केन्द्रीय कार्यालय बुटवलमा नगरी काठमाडौंका तारे होटेलहरुमा गरेको, प्रमुख कार्यकारी अधिकृत काठमाडौं जाँदा आफू जहाजबाट जाने र गाडी सडक मार्गबाट पठाउने गरेकोलगायत संस्थाको हितविपरीत आर्थिक अपचलनका विषयमा छानबिन गर्न समेत शेयरधनीले माग गरेको ढकालले बताइन् ।

दश वर्षअघि साविकका ५ वटा ग्रामीण विकास बैंकहरु मर्जर भएर नेपाल ग्रामीण विकास लघु वित्त बनेयता शेयरधनीहरुले लाभांश पाउन नसकेको समेत ज्ञापनपत्रमा गुनासो गरिएको छ ।

'हामी राष्ट्र बैंकको मर्जर नीतिको विरोधी होइनौ, तर समान हैसियतको बैंक वा वित्तीय संस्थासँग मर्जर गरिनु पर्नेमा तीन जिल्ला मात्र कार्यक्षेत्र भएको संस्थालाई गाभ्नुको पछाडि संस्थाको हित होइन, सञ्चालक समिति र सिइओको कार्यकाल दोहोऱ्याउने स्वार्थ नै हो,' ढकालले भनिन्-'१० हजारभन्दा बढी शेयर सदस्य भएको संस्थाको साधारण सभा १०-१५ जना बसेर गरिनु सरासर गलत छ, यसलाई मान्यता दिन हुँदैन ।'

आउँदो भदौ ५ गते सञ्चालक समितिको कार्यकाल सकिँदैछ । प्रमुख कार्यकारी अधिकृत कटुवालको २०८३ बैशाख १३ गते कार्यकाल सकिँदैछ । नेपाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्थामा क्रियाशिल आधिकारिक ट्रेड युनियन नेपाल राष्ट्रिय कर्मचारी संगठनले पनि मर्जर खारेज गर्न माग गर्दै साधारणसभाकै दिन कालो ब्यानर टांगेर विरोध जनाएको थियो । संगठनका केन्द्रीय अध्यक्ष दीपेन्द्र लुइँटेलले सर्लाहीमा केन्द्रीय कार्यालय रहेको तीन जिल्ला कार्यक्षेत्र भएको २ करोड २८ लाख पुँजी भएको समाज लघुवित्तसँग ७७ जिल्ला कार्यक्षेत्र र ९८ करोड २५ लाख पुँजी भएको संस्थाले मर्जर गर्नुपर्ने कुनै आवश्यकता र औचित्य नै नभएको तर्क गरे ।

मर्जर अनुचित छ भन्दै संगठनले गत असार १३ गते नै खारेज गर्न माग गर्दै प्रमुख कार्यकारी अधिकृतलाई ध्यानाकर्षणपत्र बुझाए पनि जबरजस्ती गरिएको उनको भनाइ छ ।

'यो कुनै व्यक्तिको कार्यकाल दोहोऱ्याएर निजी स्वार्थ पूरा गर्न रचिएको नाटक हो, यसले संस्था, सेयरधनी र कर्मचारी कसैलाई फाइदा हुँदैन', उनले भने-'कमजोर वित्तीय हैसियत भएको संस्थासँग समान अनुपात (रेसियो) मा मर्जर गर्न तयार हुनुले गम्भीर प्रश्न उठेको छ, यस्तो गलत रबैयाप्रति नियामक निकाय नेपाल राष्ट्र बैंकको गम्भीर ध्यानाकर्षण हुनुपर्छ ।'

यसअघि संस्थापक शेयरधनीहरुले प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवाल, नेपाल राष्ट्र बैंक क्षेत्रीय कार्यालय भैरहवा पुगेर ध्यानाकर्षण पत्र बुझाए पनि कुनै सुनुवाई नभएपछि राष्ट्र बैंकको केन्द्रीय कार्यालय पुगेकोअर्की शेयरधनी पुनम लिगलले बताइन् ।

ज्ञापनपत्र बुझेपछि गभर्नर पौडेलले यसबारे अध्ययन गरी आवश्यक कदम चाल्ने आश्वासन् दिएको संस्थापक शेयरधनी कल्पना शाक्यले जानकारी दिइन् ।

लुम्बिनी प्रदेशसभा सदस्यसमेत रहेकी शेयरधनी जमुना ढकालले साधारण सभाको निर्णय नसच्याए आन्दोलनमा जाने चेतावनी दिइन् ।

संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत दीपक पाण्डेले नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर विधि प्रकृया पूरा गरेर साधारणसभा गरिएको र समाज लघु वित्तलाई गाभ्ने निर्णय गरिएकाले यो विषयलाई विवादित बनाउनुको अर्थ नभएको बताए ।

कारबाहीमा परेका थिए सिइओ कटुवाल

कर्जा प्रवाहमा राष्ट्र बैंकको ऐन नियम उल्लंघन गरेको भेटिएपछि प्रमुख कार्यकारी अधिकृत कटुवाललाई नसिहत दिइएको थियो । लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ३ /२०७९ को बुँदा नं. २ (क), (ग) र (ज) मा भएको व्यवस्था बमोजिम प्रति व्यक्ति रु.७ लाखसम्म मात्र कर्जा प्रवाह गर्नुपर्ने र कर्जा प्रवाह गर्दा अन्य बैंक तथा वित्तीय संस्थावाट समेत कर्जा लिए नलिएको सूचनालाई विश्लेषण गरेर मात्र कर्जा प्रवाह गर्नुपर्नेमा सो व्यवस्था विपरीत सीमा नाघ्ने गरी कर्जा प्रवाह गरेकाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा २ (क) बमोजिम कटुवाललाई नसिहत दिइएको थियो । कर्जा प्रवाहमा ऐन नियम विपरीत गरेको पाइएपछि नेपाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्थालाई पनि कारबाही गरिएको थियो ।

## सुशासन, सुरक्षा र सहज सेवा प्रवाह प्राथमिकताः प्रजिअ पाण्डे



**मोहम्मद हबिब**

*भैरहवा*

रुपन्देही नयाँ प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डेले सुशासन, शान्ति सुरक्षा र नागरिकलाई दिइने सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गर्ने बताएका छन् ।

गृह मन्त्रालयको विपद तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुखबाट सरुवा भई पाण्डे आइतबार रुपन्देहीको प्रजिअको जिम्मेवारी सम्हाल्न आएका हुन् । जिल्लाका पत्रकारहरुसँग सोमबार अन्तरक्रिया कार्यक्रममा प्रजिअ पाण्डेले नागरिकले सुशासनको प्रत्याभूति गर्ने गरी काम गर्ने बताए । उनले आसन्न उप-निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित ढंगले सम्पन्न गर्ने प्रतिबद्धता समेत जनाए । 'सेवाग्राहीका काम हुन्छ भने गरिदिने र हुँदैन भने यो यो कारणले हुँदैन भनेर जानकारी गराउँछु, हुँदैन भनेको काम पछि तेस्रो पक्षको पहलबाट हुन्छ भन्ने कुरा मबाट हुँदैन ।'-उनले भने ।

भारतको सिमासँग जोडिएको जिल्ला रहेकोले सुरक्षा चुनौती, भन्सार छलीलगायत अवैध गतिविधि नियन्त्रणलाई पनि आफूले प्राथमिकता दिने प्रजिअ पाण्डेले प्रतिबद्धता जनाए ।

उनले पत्रकारलाई दिइने सूचना प्रवाह र अनुगमनलाई व्यवस्थित र पारदर्शी बनाउने समेत प्रतिबद्धता जनाए । 'नियत गलत नराखेपछि नतिजा राम्रो आउँछ भन्नेमा म स्पष्ट छु ।'-उनले भने । रुपन्देही रणनैतिक हिसाबले महत्वपूर्ण रहेकोले यसको मर्म र मर्यादा बुझेर काम गर्ने उनले जनाए । उनले नियमित कामसँगै विकास निर्माणमा सहजीकरण गर्ने, आयोजना प्रमुखहरुलाई परेको जटिलतालाई समाधान गर्नेतर्फ सहजीकरण गर्ने र शान्ति सुरक्षालाई छिटो छरितो प्रवाह गर्ने बताए ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# बाँझो जमिन उपयोग गर्नेलाई अनुदान

स्याङ्जाको पुतलीबजार नगरपालिकाले बाँझो जमिनलाई उपयोगमा ल्याउने कार्यक्रम अघि सारेको छ। नगरपालिकाले बाँझो जमिनमा खेती गर्ने किसानलाई प्रति रोपनी २ हजार रुपैयाँ अनुदान दिएर किसानलाई आकर्षित गर्ने योजना अघि सारेको छ । पहाडमा खेतीयोग्य जमिन बाँझो भएपछि त्यसको उपयोगबारे विभिन्न विकल्पको खोजी भइरहेका बेला पुतलीबजार नगरपालिकाको यो कार्यक्रमले बाँझो जमिन उपयोग हुनसक्छ।

मध्य पहाड सम्भावनाको खानी हो, तर अवसरको खोजीमा शहर, तराई र वैदेशिक रोजगारीमा जाँदा मध्यपहाडमा जग्गा बाँझो हुने क्रम बढेको छ। काम गर्न सक्ने युवा जनशक्तिको बढ्दो पलायनले पहाडमा दिनप्रतिदिन खेतीयोग्य जग्गा बाँझो भइरहेको छ। पहाडबाट भइरहेको तीब्र बसाईसराइले पनि जनसंख्या घट्दो छ। अहिलेको अवस्था कायम रहने हो भने आगामी दिनमा जनसंख्या अझै घट्दै जाने देखिन्छ। खेतीयोग्य जमिन बाँझो हुँदा खाद्य संकट निम्तिने जोखिम छ। खेतीयोग्य जमिनलाई सकेसम्म प्रयोगमा ल्याउँदा खाद्यान्नमा आत्मनिर्भरतर्फको यात्रा हुन्छ। दिनप्रतिदिन बाँझो हुँदा त्यसको असर उत्पादनमा पर्ने जोखिम छ।

पहाडमा अहिले विकास पुगेको छ। गाउँ-गाउँमा सडक पुगेको छ। विद्यालयमा पूर्वाधार राम्रो छ। स्वास्थ्य चौकी भवन मात्रै होइन्, सेवा प्रवाह पनि राम्रो छ। जिल्ला सदरमुकाम अहिले नागरिकताको कामको लागि मात्रै जानुपर्छ। पहिले कृषि, शिक्षालगायत अरु कामका लागि सदरमुकाम जानुपर्ने बाध्यता छैन। अहिले पालिका कार्यालय र वडा कार्यालयबाटै धेरै काम हुन्छ। मुलुक संघीयतामा गएपछि गाउँघरमै सेवाप्रवाह छिटो छरितो हुन्छ। गाउँमा विकास पुगेको छ, तर मान्छे छैनन्। विकासमा भएको असमानताले मानिसहरु बढी विकास भएको ठाउँमा जान खोज्नु स्वाभाविकै हो। व्यवसायिक खेतीको विकास गर्ने र नागरिकलाई लगाउन सक्ने हो भने आम्दानीको बाटो खुल्छ। शहर पसेकाहरु गाउँमै आम्दानी भएपछि फर्कन्छन्। पाल्पाको रिब्दीकोट गाउँपालिकाले अकबरे खुर्सानी खेतीमा प्रोत्साहन गरेपछि यहाँका किसानले राम्रो आम्दानी गर्न थालेका छन्। शहर पसेका र विदेश गएका केही युवा गाउँ फर्केका छन्। गुल्मीको छत्रकोट गाउँपालिकाका विदेश जान हिंडेका केही युवा राहदानी च्यातेर गाउँ फर्केर व्यवसायिक कृषिमा रमाएका छन्। गाउँमा अवसर छ। संभावना छ। स्थानीय तहले गाउँमै टिक्ने वातावरण बनाउन प्रदेश र संघीय सरकारको सहयोग लिनुपर्छ। यी दुई गाउँपालिकाका मोडललाई अरु पालिकाले पनि अनुशरण गर्न सक्छन्। पुतलीबजार नगरपालिकाको मोडल अरु पालिकाका लागि पनि अनुकरणीय हुनसक्छ।

अब पालिकाले आफ्नै मोडल तयार गरी खेतीयोग्य जमिनको उपभोग गर्ने नीति लिनुपर्छ। कतै लिजमा दिएर खेती गर्न सकिन्छ। जमिन करारमा दिएर खेतीपाती गर्न सकिन्छ। कतै सहकारीले बाँझो जमिन प्रयोग गरी उत्पादन गर्न सक्छन्। सबै ठाउँमा एउटै मोडल लागू नहुन सक्छ। त्यो मोडल तयार गर्न प्रदेश र संघीय सरकारले सहजीकरण गर्न सक्छन्।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको सुधार



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार दोहोरो अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक १६ दशमलव ४६ अङ्कले बढेर दुई हजार ८७५ दशमलव ३६ को बिन्दुमा कायम भएको हो। यो शून्य दशमलव ५७ प्रतिशतको सुधार हो।

३२५ कम्पनीको दुई करोड ७१ लाख ६९ हजार ७५५ कित्ता शेयर एक लाख ४९ हजार २७४ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ८२ करोड २४ लाख ४९ हजार ४०२ बराबरको कारोबार भएको छ।

कारोबारमा बैंकिङ एक दशमलव ६६, जलविद्युत् शून्य दशमलव २५, लगानी शून्य दशमलव ११, जीवन बिमा शून्य दशमलव ५०, लघुवित्त शून्य दशमलव ५०, म्युचुअल फन्ड शून्य दशमलव ०८ र व्यापार दुई दशमलव ८९ प्रतिशतले बढेको छ। विकास बैंक शून्य दशमलव ०६, वित्त शून्य दशमलव ८२, होटल तथा पर्यटन शून्य दशमलव ३४, उत्पादन तथा प्रशोधन शून्य दशमलव १२, निर्जीवन बिमा शून्य दशमलव ५१ र अन्य समूह शून्य दशमलव ४५ प्रतिशतले घटेको छ।

थ्रिस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै ६ दशमलव ८९ प्रतिशतले बढेको छ। ट्रेड टावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

# भोको पेटमा 'राष्ट्रियगान' गाउन सकिन्छ र मन्त्रीज्यू ?



अधिवक्ता रसना ढकाल

**श्रमको पारिश्रमिक नपाएर हजारौँ मजदुर भोकै सुत्न बाध्य हुन्छन् अनि हामी समृद्ध नेपालको नारा लगाउँछौँ। खालिपेटमा राष्ट्रियगान कसैले पनि गाउन सक्दैनन् माननीय मन्त्रीज्युहरू ! त्यसैले पहिला श्रमअनुसारको पारिश्रमिक समयमा पाउनुपर्ने व्यवस्था मिलाउनु आवश्यक हुन्छ, यसको लागि श्रम मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र स्वास्थ्य मन्त्रालयबिच समन्वय हुन आवश्यक छ। आ-आफ्नो क्षेत्रमा बेला-बखतमा अनुगमन गर्नु आवश्यक हुन्छ। वैदेशिक रोजगारीबाट आएको रेमिटयान्समा खुशी हुनु पर्दैन, किनकि देशमा काम गर्ने श्रमिकहरूले त झन् न्यूनतम पारिश्रमिक पनि पाउँदैनन्। देशको जनशक्तिलाई बाहिर होइन स्वदेशमै राख्न उचित प्रबन्ध मिलाउ !**

**घटना नं. १**

एक दिन पत्रकारहरूको एउटा जमात बाटोमा भेट भयो। निकै समयपछि भेट भएकोले हामी अलि फरक ढंगबाट प्रस्तुत भयौँ। कोही आफ्नो हालखबर बताउन थाले त कोही मिडियामा काम गरेर केही हुनेवाला छैन, उल्टै दुश्मनी मात्र हुने रहेछ। यस्ता शब्द बोल्दै थिए साथीहरू। उनीहरूको निराशाले भरेको प्रश्नको उत्तर पाउन कुतूहल जाग्यो। 'के गर्नु दिदी... पाँच महिना भयो, हामीले तलब पाएका छैनौँ। मिडिया... मिडिया भन्दै सबैले आकर्षणको कुरा ठान्छन् तर वास्तविकता के छ त्यो त्यहाँ काम गर्नेलाई मात्र थाहा हुन्छ। न सुरक्षाको प्रत्याभूत गर्ने वातावारण हुन्छ न त समयमा पैसा नै दिन्छ। उल्टै सञ्चारगृहको सबै काम गर्नुपर्ने हुन्छ। घर छोडेर काठमाडौं आइयो, घर-परिवारबाट पनि बाहिर रहेका छोराछोरीले कमाइरहेका छन् भन्ने ठान्छन्, तर टिभीको स्क्रिन मेकअप गरेर समाचार पढ्दा सबैको ध्यान समाचार तथा हामीतिर हुन्छ, तर हामी पत्रकारको पीडा कसैले पनि बुझ्दैनन्। आफ्नो समाचार प्रकाशन गर्न सबैलाई हतार छ, तर हाम्रो लागि बोल्न कसैलाई पनि फुर्सद छैन। सबै प्रमाणसहित श्रम अदालतमा मुद्दा दर्ता गरे तर पनि स्थिति गाह्रो नै छ। घरवालालाई समयमै भाडा तिर्नैपर्छ, सबै चिज किनेर खाने हो तर पत्रकारिता पेशाले बाँच्न दिन्छ भन्ने जस्तो लागेन... ।' यसरी उनले पत्रकारिताभित्रको दुःखद पाटाहरू सुनाए। श्रमिकले पाउनुपर्ने न्यूनतम पारिश्रमिक पनि हामीले पाउँदैनौ।

**घटना नं. २**

पत्नी दोहरीसाँझमा काम गर्छिन् भने उनका पति डान्सबारमा काम गर्ने रहेछन्। एक कार्यक्रममा उनीहरूसँग साक्षात्कार गर्ने समय मिल्यो। सुन्दा पनि अचम्म पर्ने उनीहरूको पेशागत जीवन रहेछ। एक घरमा माथि दोहरीसाँझ त्यहाँ पत्नी काम गर्छिन् भने सोही घरको तल्लो तल्लामा डान्सबार छ, त्यहाँ पतिले गर्ने रहेछन्। दुवै जना समयमा नै कार्यक्षेत्रमा आउँछन् र समयमा नै घर पनि फर्किन्छन्। यसरी हेर्दा राति काम गर्ने उनीहरूको पेशा एक किसिमले सुरक्षित नै देखिन्थ्यो, यस अर्थमा कि एउटै पेशामा आबद्ध जीवनसाथी छन् भने पेशाभित्रको दुःखलाई नजिकबाट बुझ्न सक्छन् भन्ने हो, तर त्यसभित्रको दुःखको पाटो भयावह थियो, त्यो हो पारिश्रमिक समयमा नपाउने पाए भने ४-५ महिनापछि मात्र पाउने। दोहोरी साँझ र डान्सबारमा काम गर्ने भनेपछि सामाजिक दृष्टि पनि गलत छ, समाजिक सुरक्षाको प्रत्याभूत हुन सकेको छैन। यहाँ काम गर्ने सबैलाई यौन-श्रमिक हो भनेर लेबल लगाइदिन्छ, जसले गर्दा हामी विशुद्ध काम गर्ने कलाकार हौँ कि यौन-श्रमिक हौँ ? छुट्याउन गाह्रो छ। यदि यौन-श्रमिक हौँ भने कामबाहेक कुनै पनि समयमा हामी बाहिर ग्राहकसँग गएका छैनौँ, राति काम गर्छौं दिउँसो सानो सहकारीमा पैसा उठाउने काम गर्छौं भन्दै गुनासो गर्दै थिए।

हुनत दोहोरी साँझ र डान्सबारमा लगायत यस्तै प्रकृतिका अरु पेशामा पनि अवस्था त्यही नै हो पारिश्रमिक नपाउनु। न पेशाको सुनिश्चिता न त समाजिक न्याय। यस्ता पीडाबाट दोहरी साँझ र डान्सबारका श्रमिकहरू गुज्रिरहेका छन्। त्यसमाथि सरकारले तोकेको न्यूनतम पारिश्रमिक त परकै कुरा हो। कति दिन त भोकै बस्न परेको गुनासो पनि गर्दै थिए। अब नेपालमा बसेर केही हुँदैन बरु पासपोर्ट बनाएर गल्फ देशतिर लाग्नुको विकल्प केही छैन उनीहरूको गुनासो थियो।

**घटना नं. ३**

साथीको बुबालाई अस्पतालमा भर्ना गरिएको छ भन्ने खबर पाएपछि हामी अस्पतालमा भेटन पुग्यौँ। एक निजी अस्पतालनमा साथीको बुबाको उपचार चलिरहेको थियो। निकै दिनसम्म बस्नुपर्ने रहेछ। स्वासप्रश्वासमा गाह्रो भएपछि उपचारार्थ बुबालाई करिब अस्पतालको ७ दिनको बसाइपछि डिस्चार्ज गर्‍यो। त्यसबेला बुबाको उपचार गर्न तल्लिन थुप्रै डाक्टर नर्स थिए। घर आउने बेलामा बुबाले 'तपाईंहरू मेरो ज्युँदो देवता हुनुहुँदोरहेछ, तपाईंहरू नभएको भए बाँच्न सक्ने अवस्था थिएन मेरो' भन्दै नर्सहरूलाई हात जोड्दै स्याबास भन्दै हुनुहुन्थ्यो। अब मेरो सानी छोरीलाई मैले नर्स पढाउनेछु अध्ययन पछि उ तपाईंहरू जस्तै बिरामीको सेवा गर्नेछिन् ' भन्नुभयो। त्यत्तिकैमा एक नर्सले 'बुबा.. बरु अरु शिक्षा दिनुस् तर मेडिकल लाइनतिर नदिँदा नै राम्रो' भनिन् एक नर्सले। 'किन ?' भनेर सोध्दा 'हाम्रो पेशा देख्दा आकर्षण देखिन्छ तर हामी दुःखी छौँ यस मानेमा कि हामीले तलब पाउँदैनौं, मात्र ९ हजार पाउँछौं। उनीहरूको कुरा सुनेर हामी अचम्ममा पर्‍यौँ। किन यस्तो भन्दा सेवाको मुल्य हुँदैन। धेरै खट्नुपर्ने बिरामी अन्तिम अवस्थामा आउँछ यहाँ आएर मृत्यु भयो भने चिकित्सकको लापरबाहीले भयो भन्दै हामीमाथि नै आक्रमण गर्न आउँछन्। विविध कुराले हामी सुरक्षित छैनौँ बरु आफ्ना छोरीलाई अरु शिक्षा पढाउनु अब हामी पनि बाहिर जाने सोच बनाएका छौँ एक नर्सले भनिन्। पेशाहरूमा अत्यधिक आकर्षण मानिएको नर्स पेशा हो। छुट्टै तरिकाको अध्ययन, सेवाको भावना र एक बिरामीको ज्युँदो देवताको रुपमा लिइन्छ नर्स पेशालाई लिने गरिन्छ तर यसभित्रको पनि कहालिँदो अवस्था छ।

माथि प्रस्तुत तीन वटा क्षेत्रका घटनाले बताउँछ कि हाम्रो देशमा श्रम र श्रमिकको अवस्था कस्तो छ ? क्षेत्र फरक छन् तर त्यसभित्रको दुखेसो सबैको उस्तै नै छ त्यो सबै पारिश्रमिकमा आएर जोडिन्छ। श्रम गरेर पछि पारिश्रमिक पाउनु हरेक श्रमिकको अधिकार हो तर अधिकांश श्रमिक सरकारले तोकेको न्यूनतम पारिश्रमिक पाएको छैनन्। सञ्चार क्षेत्रमा काम गर्ने पत्रकारहरू दिन-प्रतिदिन पलायन भइरहेका छन्। सञ्चारगृहले तलब दिँदैन, तर काम भने उनीहरूले भने जस्तो गर्नुपर्छ।

अझै कतिपयले पारिश्रमिक माग्दा शारिरीक शोषण हुने गरेको पनि सुनाउँछन्। सुरुका दिनमा सञ्चारको माध्यमले आफू देखिनु आफ्नो आवाज लैजानु एक फेसन थियो। त्यतिखेर पैसाभन्दा पनि टिभीमा मुख देखाउनेको मात्रै होड हुन्थ्यो र साहुहरू पनि पैसा नमागेपछि खुशी भएर काममात्रै लगाएको लगाइ गरे। तर, पछि अवस्था फरक भयो। काम गर्ने श्रमिकले मेरो पारिश्रमिक कति भनेर माग्दा यो पत्रकारको योग्यता छैन भनेर कतिलाई निकालियो जुन घटना अहिले पनि ताजा छ। त्यसमाथि झन् महिला पत्रकारहरूलाई त उनीहरूको रूपको आधारमा वर्गीकरण गरियो। सुरुको दिनमा जे कुरा पनि राम्रो लाग्दै गयो तर बिस्तारै कामको चाप, खाली पेटको सवालले बाँधिदै गएपछि पैसा आवाजहरू आउन थाले, जब पारिश्रमिकको पाउन आवाज आउन थाले त्यतिबेला पत्रकारहरू निकालिए वा बेतुकको आरोप लगाइयो। पैसा र शरिरलाई अगाडि राखियो। शरीर दियो भने पैसा पनि पाउने वातावरण बनाइन थालियो र बिस्तारै सञ्चारगृहबाट पत्रकारहरू आफ्नो एकल लगानीमा युटुब तथा अरु अनलाइनमा पहुँच बढाउन थाले। सरकारी सञ्चारगृहहरूमा सबैको पहुँच हुँदैन। धेरैले निजीमै काम गर्न खोज्छन् तर पारिश्रमिकको मुल्य नै हुँदैन। कोभिड-१९ मा धराशायी बनेको नेपाली सञ्चारजगत् त्यसपछि पारिश्रमिकको सवालमा झन् तल परेको छ। निजीस्तरमा खुलेका केही सञ्चारहरूले कर्मचारीहरूलाई तलब दिए पनि अधिकांशको अवस्था विकराल नै छ। यो अवस्थालाई अनुगमन गर्ने कसले ?

हामी सबै कानूनले बाँधिएका व्यक्ति हौँ। कानून बमोजिम सबै काम गर्नुपर्छ भन्ने मान्यता राख्छौँ तर त्यही कानूने तोकेको पारिश्रमिक पनि दिन चाहँदैनौँ या हाम्रो श्रमिकले पाउँदैनन्। यसले गर्दा कुनै पनि सेवाप्रदायक क्षेत्रको परिणाममा सकारात्मकता ल्याउँदैन। समय क्रमसँगै सुचना प्रवाह गर्ने तरिका फरक भयो। कुनैबेला एफएम मा सबैको चासो हुने गर्दथियो भने त्यसपछि पत्रिकातिर पनि आकर्षण बढ्यो भने अहिले अनलाइनतिरको आकर्षण बढेको छ। दिन-रात घोटिएर काम गर्ने पत्रकारले पाउने पारिश्रमिक बारे कति कतै बहस भएको देखिँदैन। सञ्चारगृहको बारेमा सञ्चार तथा सूचना मन्त्रालयले चासो लिनुपर्ने हुन्छ। हरेक सञ्चार गृहहरूको अनुगमन गर्नु आवश्यक हुन्छ। काम गर्ने श्रमिकले नियुक्तिपत्र पाएका छन् या छैनन्, तलब कति तोकिएको छ र कति दिन्छ त्यो सबै कडा रुपमा अनुगमन गरेपछि मात्र प्राप्त गर्न सकिन्छ।

यसैगरी सरकारी अस्पताल बाहेक निजीस्तरमा खुलेका अस्पतालहरूमा काम गर्ने डाक्टर नर्सहरूले पाउने पारिश्रमिकको मूल्य पनि कम नै छ। ड्युटीको समय हुँदैन। आफ्नो अनुभव बनाउनलाई काम गर्नु पनि आवश्यक छ, तर काम गरेपछि पाउने पारिश्रमिकको मूल्य कुन स्तरमा छ त्यो देखिन पाइन्छ। आफ्नो पेशाको मर्यादा रहे पनि उचित पारिश्रमिक नपाउँदा नैराश्यता आउनु स्वभाविक नै हो। बुबा-आमाको छोराछोरीलाई डाक्टर नर्स बनाउने ठुलो सपना हुन्छ र बन्छन् पनि तर त्यसको मूल्य कम पर्दा उनीहरू पलायन हुने स्थितिमा पुग्छन्। अहिले निजी अस्पतालहरूको अनुगमन गर्ने हो भने १० हजार र १२ हजार महिनामा डाक्टर र नर्सहरू काम गरिरहेको भेटिन्छन्। लाखौको लगानी गरेर पढेको शिक्षाको पारिश्रमिक उचित नहुँदा अधिकांश विदेशमा राम्रो स्थान पाउन जान्छन्।

त्यसैगरी मनोरञ्जन क्षेत्र भनेर चिनिने दोहरीसाँझ, डान्सबार, मसाज पार्लर, खाजघरलगायत व्यापक मात्रामा श्रम बजार ओगटेको क्षेत्रमा काम गर्ने श्रमिकहरूको अवस्थाबारे सरकारले खासै चासो लिएको देखिन्न। यस क्षेत्रमा रोजगारदाताले दिने श्रम र श्रमिकले श्रमपछिको पारिश्रमिकको अवस्था कस्तो छ त्यो पाटोमा खासै कसैको ध्यान पुग्दैन। हजारौँ युवाहरू अहिले यो क्षेत्रमा काम गरिरहेका छन्, तर के उनीहरूले श्रम ऐन २०७४ ले भने जस्तो सेवा सुविधा पाएका छन् त ? या श्रमिक स्वयम पनि रोजगारदाताप्रति उत्तरदायी बनेका छन् त ? यसबारे चासो कसले लिने ? रोजगारदातालाई पछाडि पारेर केवल श्रमिकको कुरा मात्रै भन्नु मिल्दैन। किनकि व्यवसायमा उतारचढाव आँउदा स्वयम् रोजगारदातालाइ धेरै असर पुग्छ। व्यवस्थापनको सबै सवालहरू रोजगार दाताले नै बेहोर्नुपर्ने हुन्छ। यो अवस्थामा स्वयम श्रमिकको पनि रोजगारदाताहरूप्रतिको दायित्व हुन्छ।

यस्ता अनेकौँ सवालहरू मनोरञ्जन क्षेत्रभित्रका छन्। श्रमिकको सामाजिक न्यायको सवालमा कुरा उठाउनुपर्ने बेला उल्टै ती श्रमिकहरूलाई मानव बेचबिखनमा परेको र त्यस क्षेत्रमा ज्यादति नै हुन्छ भनेर गलत नामले टयाग लगाइदिन्छौँ। कतै गलत कार्य भए होलान् नभएको भन्न मिल्दैन, तर अहिले मनोरञ्जन क्षेत्रलाई लिएर व्यापक बहस भइरहेको अवस्थामा अपराधका काम अलि कम नै हुन्छन्। काम गर्दा पाउने तलबले आफू र परिवार समेतलाई पाल्नुपर्ने हुन्छ एक श्रमिकको उपर पाँच परिवार सदस्य हुन्छन्, तर ती श्रमिकले आफ्नो कला देखाएर गीत गाएको वा नृत्य गरेको पनि उचित पारिश्रमिक पाउँदैनन्। भाडाको घर, सबै कुरा त्यही पैसाबाट चलाउनुपर्ने, महँगीको मार यो सबै आतङ्कले श्रमिक च्यापिएको हुन्छ। अनि उसले स्वस्थ सेवा कसरी दिन सक्छ।

यि सबै श्रमसँग जोडिएका क्षेत्र हुन्। अरु क्षेत्र पनि छन् श्रमसँग जोडिएको। तर जाँहा पनि सवाल आउँछ पारिश्रमिकको। के सरकारले तोकेको न्यूनतम ज्याला श्रमिकले पाएको छन त ? हालै मात्रै नेपाल सरकारको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले २०८२ श्रावण १ गते देखि लागु हुने गरिकन श्रमिकको न्यूनतम पारिश्रमिक रु. १९,५५० तोकेको छ। जुन श्रम ऐन २०७४ को दफा १०७ बमोजिम हो। हरेक दुई वर्षमा पारिश्रमिक निर्धारण गर्नु पर्ने बाध्यत्मक कानुन भएकोले तोकिनु परेको हो। तर तोकिएको पारिश्रमिक श्रमिकले पाएका छन् त भनेर अनुगमन गर्ने कसले ? केवल पारिश्रमिक मात्र बढाएर हुँदैन। त्यो भने जतिको पारिश्रमिक के माथि भनिएको क्षेत्रका श्रमिकहरूले पाएका छन् त ? उनीहरूलाई पारिश्रमिक दिने कसले ? सबै त श्रम अदालत जान सक्दैनन्, किनकि त्यहाँ पनि आफू कर्मचारी भएको प्रमाण चाहिन्छ र कतिले श्रम ऐनले व्यवस्था गरेको करारनामा पनि दिएका हुँदैनन् भने केको आधारमा श्रमिक पारिश्रमिकको लागि मुद्दा लड्न जान्छन् त ? हामीकहाँ व्यापक श्रमशोषण छ। मेहनत एउटाको हुन्छ मौज अरुले लिएको हुन्छ। काम गर्ने मान्छे सल्लाह लिन खोज्छ तर सल्लाहको पनि पैसा दिन खोज्दैन। यस्तो दूषित नियत राखेर काम भइरहेको हुन्छ।

श्रमको पारिश्रमिक नपाएर हजारौँ मजदुर भोकै सुत्न बाध्य हुन्छन् अनि हामी समृद्ध नेपालको नारा लगाउँछौँ। खालिपेटमा राष्ट्रियगान कसैले पनि गाउन सक्दैनन् माननीय मन्त्रीज्युहरू ! त्यसैले पहिला श्रमअनुसारको पारिश्रमिक समयमा पाउनुपर्ने व्यवस्था मिलाउनु आवश्यक हुन्छ, यसको लागि श्रम मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र स्वास्थ्य मन्त्रालयबिच समन्वय हुन आवश्यक छ। आ-आफ्नो क्षेत्रमा बेला-बखतमा अनुगमन गर्नु आवश्यक हुन्छ। वैदेशिक रोजगारीबाट आएको रेमिटयान्समा खुशी हुनु पर्दैन, किनकि देशमा काम गर्ने श्रमिकहरूले त झन् न्यूनतम पारिश्रमिक पनि पाउँदैनन्। देशको जनशक्तिलाई बाहिर होइन स्वदेशमै राख्न उचित प्रबन्ध मिलाउ !

(घटना र विचारबाट)

# के धेरै गर्मीले बालबालिकाको गणित सिकाइ प्रभावित भइरहेको छ ?

जलवायु परिवर्तन निकै गम्भीर समस्या बनेर विश्वसामु उभिएको छ। यस्तोमा हालै भएको एक अध्ययनले अचम्भित पार्ने खालेको कुरा बताएको छ।

धेरै तापमानका कारण बच्चाको सिक्ने क्षमता प्रभावित हुने अध्ययनको निष्कर्ष छ। लामो समयसम्म गर्मीको सम्पर्कमा रहँदा बालबालिकाको सिक्ने क्षमतामा नकारात्मक असर पर्न सक्छ भनी अस्ट्रेलियाको रोयल मेलबर्न इन्स्टिच्युट अफ टेक्नोलोजी र युनिभर्सिटी अफ न्यू साउथ वेल्सका अनुसन्धानकर्ताहरूले गरेको अध्ययनले देखाएको छ।

अध्ययनका क्रममा अनुसन्धानकर्ताहरूले भारतसहित कुल ६१ देशका लगभग १ करोड ४५ लाख विद्यार्थी समावेश गर्ने पहिले प्रकाशित भइसकेका सात अध्ययनबाट प्राप्त तथ्यांकको समीक्षा गरेका थिए। पीएओएस क्लाइमेट जर्नलमा प्रकाशित अध्ययनको निष्कर्षअनुसार लामो समयसम्म गर्मीको सम्पर्कमा रहनाले विद्यार्थीहरूको सिकाइ क्षमतालाई असर गर्छ, जसले गर्दा गणितजस्ता जटिल विषयहरूमा सरल कार्यहरूको तुलनामा प्रदर्शन कमजोर हुन सक्छ।

ग्रह तातो हुँदै जाँदा युवाहरूको सिक्ने क्षमता प्रभावित हुन सक्ने अनुसन्धान टोलीले भनेको छ। जलवायु परिवर्तनबाट आफूलाई जोगाउन नसक्ने कमजोर र कम आय भएका जनसंख्याको समानता र जीवनको गुणस्तर प्रभावित हुने कुरा पनि टोलीले औंल्याएको छ। सामाजिक विषमता बढ्ने अनि कम विकसित देशहरूमा गर्मीको अधिक सम्पर्कका आउनेहरूको आर्थिक प्रगतिमा बाधा पर्ने बताइएको छ।

**तापक्रमले कसरी असर गर्छ ?**

विज्ञहरूका अनुसार हाम्रो शरीरले आफ्नो स्वस्थ तापक्रम कायम राख्न आफूलाई पर्याप्त मात्रामा चिसो पार्न सकेन भने तापको लहर देखिन्छ। यसले हाम्रो मस्तिष्कको संज्ञानात्मक कार्यहरू गर्ने क्षमतालाई कम गर्छ भनेर हालैका दिनमा इलिनोइस विश्वविद्यालय अर्बाना च्याम्पेनका स्नायुवैज्ञानिक र विद्युतीय र कम्प्युटर इञ्जिनियरिङका सह-प्राध्यापक, लाभ वार्ष्नीले भनेका थिए।

अत्यधिक गर्मीका कारण हाम्रो मस्तिष्कमा रगतको प्रवाह साथै अक्सिजनको आपूर्ति प्रभावित हुन्छ। जसका कारण मान्छे बेहोस होलाजस्तो स्थिति हुन्छ। उच्च तापक्रमले मस्तिष्क र रगतबिचको अवरोध तोड्छ र मस्तिष्कमा अनावश्यक प्रोटीन र आयनहरू जम्मा हुन थाल्छन्।

मस्तिष्क सुन्निन थाल्छ र यसको सामान्य कार्यहरू अवरुद्ध हुन्छन्। मस्तिष्कका कोषहरू मर्न थाल्छन्। यति मात्र नभई शरीरलाई नियन्त्रण गर्ने मस्तिष्कको त्यो भाग पनि यसबाट प्रभावित हुन्छ, जसले पसिनामार्फत शरीरको तापक्रम नियन्त्रण गर्छ।

# सडक निर्माण गर्न म्याद थप



नवलपरासी । भारतसँग जोडिएको महेशपुर मूल भन्सारको सडक निर्माणका लागि दोस्रो पटक म्याद थपिएको छ ।

बर्दघाट सुस्ता पश्चिम नवलपरासी महेशपुरदेखि हरपुरसम्म एक किलोमिटर र सुनवल बजारमा पाँच सय मिटर सडक निर्माण गर्न २०८० बैशाखमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागअन्तर्गत सडक डिभिजन कार्यालय बुटवल र गौरीशङ्कर हिमालयन कन्ट्रक्सन कम्पनीबिच सम्झौता भएको थियो । हालसम्म ४० प्रतिशत काम भएको डिभिजन कार्यालय बुटवलका प्रमुख जीवेन्द्र मिश्रले बताए ।

स्थानीयको भौतिक संरचना, बिजुलीको खम्बा सार्नुपर्नेलगायत कामका कारण ठेकेदारले समयमै काम सम्पन्न गर्न नसकेको प्रमुख मिश्रको भनाइ छ ।

महेशपुर सडकको काम सम्पन्न गर्न दोस्रो पटक (अन्तिम) म्याद थप गरिएको सडक डिभिजन कार्यालयका इञ्जिनियर सुशिल पौडेलले बताए । थपिएको म्यादसम्म सडकको काम सम्पन्न नगरेपछि ठेकेदारलाई कानुन बमोजिम कारबाही गरिने उनको भनाइ छ ।

बिजुलीको खम्बालगायत संरचना सार्नुपर्ने भएकाले समयमा काम समपन्न गर्न नसकिएको गौरीशङ्कर हिमालयन कन्ट्रक्सन कम्पनीका सञ्चालक मणिराम लामाले जनाए । आगामी कात्तिक महिनासम्म काम सम्पन्न गर्ने गरी निर्माण भइरहेको उनले जानकारी दिए ।

निर्माण व्यवसायीले सडकको काम समयमा नगरेपछि यतिबेला वर्षा भएपछि भारतबाट आउने मालवाहक सवारी तथा यात्रुलाई हिलोमा आवतजावत गर्न समस्या भइरहेको पाल्हीनन्दन गाउँपालिका-२ का वडाध्यक्ष जगदीश गुप्ताले बताए ।

उनका अनुसार जिल्लाको पाल्हीनन्दन गाउँपालिका-१ महेशपुरदेखि भक्सीपुरसम्म ढल निकाससहित सडक निर्माणका लागि गौरीशङ्कर हिमालयन कन्ट्रक्सन कम्पनीले ठेक्का लिएको हो ।

**लिङ्देनविरुद्ध...**

असन्तुष्ट पक्षले २९ असारमा निर्वाचन आयोग पुगेर अध्यक्ष लिङ्देनको निर्णय बदर गर्न निवेदन दिएको छ । निर्वाचन आयोगले पदमुक्त गरेको विषयको जानकारी पठाउन पत्र पठाएको छ ।

अध्यक्षको निर्णय सच्याउन माग गर्दै विज्ञप्तिमा हस्ताक्षर गर्ने उपाध्यक्ष मुकुन्दश्याम गिरीलाई समेत लिङ्देनले पदमुक्त गरेका छन् ।

पार्टीभित्र असन्तुष्ट बढिरहेकै बेला अघिल्लो साता तल्लो संरचनाको अधिवेशन पर्यवेक्षक तोकिएपछि दुई पक्षको दूरी थप बढेको छ । असन्तुष्ट पक्षले पर्यवेक्षकहरु एकतर्फी घोषणा गरिएको भन्दै अमान्य हुने ठहर गरेको छ ।

सोमबार बसेको बैठकको संयोजन वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे र महामन्त्री डा धवलशमसेर राणाले गरेका थिए । बैठकमा वरिष्ठ उपाध्यक्ष पाण्डे, महामन्त्री डा.राणा पदमुक्त गरिएका उपाध्यक्ष मुकुन्दश्याम गिरी, महामन्त्री डा. धवलशमशेर राणा, महामन्त्री कुन्तीकुमारी शाही, तीन सहायक महामन्त्रीहरु प्रेम बलायर, ऋषिराज देवकोटा र सौरेन्द्रबहादुर शाह बैठकमा सहभागी थिए ।

साथै, बागमतीका अध्यक्ष विक्रमबहादुर थापा, कर्णालीका अध्यक्ष दीपबहादुर शाही, केन्द्रीय सदस्य एवं पूर्वमन्त्री जगत गौचन, प्रवक्ताबाट हटाइएका सगुन सुन्दर लावती, सहमहामन्त्रीः रवीन्द्रप्रताप शाह, सहायक प्रवक्ता प्रविनकुमार थोकर तामाङलगायत ७० जनाभन्दा बढी सहभागी भएर बैठक बसेको असन्तुष्ट पक्षले दाबी गरेको छ ।

**सुशासन...**

उनले रुपन्देहीका पत्रकार र सञ्चारमाध्यमहरुको भूमिका प्रशंसनीय रहेको बताउँदै सञ्चारमाध्यमबाट आलोचनात्मक दृष्टिकोणले रचनात्मक भूमिकाको अपेक्षा रहेको बताए । उनले आफू प्रेस स्वतन्त्रताको पक्षपाती भएको उल्लेख गर्दै व्यवसायिक पत्रकारिता गर्दा कतैबाट चुनौती आए सुरक्षा दिने जिम्मा आफ्नो भएको प्रतिबद्धता पनि जनाए ।

प्रजिअलाई सुझाव दिँदै सञ्चारकर्मीहरुले नदी दोहन, तस्करी, क्यासिनोहरुमा हुने अवैध कारोबारलाई नियन्त्रणमा इमान्दार भएर काम गर्न र नतिजा दिन आग्रह गरे ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

मनविर सोमैको छोरी, गम्मर बहादुर बुचाको छोराबुहारी, इन्द्र बहादुर बुचा मगरको श्रीमती लुम्बिनी प्रदेश गुल्मी जिल्ला छत्रकोट गाँउपालिका वडा नं. ०३ बस्ने राधा कुमारी बुचा मगरले यस शाखामा बचत खाता नं. २०९१५२४०३०५५९९ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०३/१७ मा निज खातावाला राधा कुमारी बुचा मगरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने धन बहादुर बुचाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक राधा कुमारी बुचा मगरको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

दिल वहादुर सिंजालीको छोरी, फल वहादुर मिदुनको छोराबुहारी, चुमान सिं मिदुनको श्रीमती लुम्बिनी प्रदेश गुल्मी जिल्ला छत्रकोट गाँउपालिका वडा नं. ०२ बस्ने मैसरा देवी मिदुनले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४४८६ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०२/१४ मा निज खातावाला मैसरा देवी मिदुनको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने बोम वहादुर मिदुनले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक मैसरा देवी मिदुनको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४


# गण्डकी प्रदेश उपप्रमुख समन्वयको अध्यक्षमा सुवेदी

स्याङ्जा । गण्डकी प्रदेश भित्रका उप-प्रमुखहरुको भेला तनहुँको बन्दीपुरमा सम्पन्न भएको छ । जिल्ला समन्वय समितिका उप-प्रमुखहरुको भेलाले गण्डकी प्रदेश समन्वय उप-प्रमुख तथा सदस्य समूह गठन गरी तदर्थ समिति निर्माण गरेको छ । प्रदेशस्तरीय उप-प्रमुख समन्वय समितिको संयोजकमा स्याङ्जाका उप-प्रमुख खड्कराज सुवेदी चयन भएका छन् । संयोजकमा चयन भएका सुवेदीकै पहलमा यो समिति गठन गरिएको थियो ।

उक्त भेलाले तदर्थ समितिको सचिवमा म्याग्दीका डिलकुमारी खत्रीलाई चयन गरिएको छ । अन्य सबै सदस्य रहनेगरी समिति गठन गरिएको संयोजक सुवेदीले जानकारी दिए । सदस्यहरुमा कास्कीका सरिता कुमाल, लमजुङका मुना रिमाल, गारखाका लिला परियार, मुस्ताङका आइतलाल थकाली, मनाङ्का सुरेन्द्र गुरुङ, पर्वतका सोम जिसी, नवलपुरका शकुन्तला लम्साल, तनहुँका बासुददेव थापा, बागलुङका होम सापकोटा रहेका छन् ।

समितिमा प्रत्येक जिल्ला समन्वय समितिका दुईजना सदस्य मनोनित गर्ने व्यवस्था समेत गरिएको छ । जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाउने र जिल्ला–जिल्लाको विकास निर्माणमा अनुभव आदनप्रदान गर्ने उद्देश्यले यो समिति निर्माण गरिएको संयोजक सुवेदीले बताए । जिल्ला समन्वयको




भूमिकामाथि प्रश्न उठिरहेका बेला यो समिति गठनले जिल्लाको हरेक विषयमा समन्वयकारी भूमिका खेल्न महत्वपूर्ण रहेको विश्वास लिइएको छ ।

७ प्रदेशमध्ये गण्डकी प्रदेशका उप-प्रमुखहरुले समिति गठन गरेर आफ्नो पहिचानकायम राख्ने काम यो पहिलो हो । गण्डकी प्रदेशमा ११ ओटाजिल्ला रहेका छन् । प्रत्येक जिल्लामा बैठक बस्ने र जिल्लाको समस्या र राम्रा कुराको अनुसरण गर्ने गृहकार्य हुने बताएको छ ।


## एभरग्रिन डिष्टिलरी प्रा.लि.

**देवदह–३, रुपन्देहीको**

## मूल्य सूची सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२/०४/१९

यस उद्योगबाट उत्पादित मदिराहरु आ.व. २०८२/२०८३ को लागि मिति २०८२/०४/१९ गते देखि लागू हुने गरी निम्न दररेट अनुसार नेपाल भरी बिक्री वितरण गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | यु.पि. शक्ति | मि.ली. | वितरक मूल्य प्रति पेटी | वितरक कमिशन प्रति पेटी | थोक विक्रेता मूल्य प्रति पेटी | थोकविक्रेता कमिशन प्रति पेटी | खुद्रा विक्रेता मूल्य प्रति पेटी | खुद्रा विक्रेता कमिशन प्रति पेटी | उपभोक्ता प्रति पेटी मूल्य | उपभोक्ता मूल्य प्रति बोटल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| KHAJA APPLE, Litchi FLAVOUR Black Wood Extra Dry, Black Wood Premium Globle Extra dry | ५० | १८० | ६५०१.५६८ | ३५० | ६८५१.५६८ | ४०० | ७२५१.५६८ | ६६८.४३२ | ७९२०.०० | १६५.०० |
| Day To Night Apple/Banana/ Mango Flavour/ Vandom /Ice Box/ R.X. XXX,RX EXTRA DRY, EG EXTRA DRY | ५० | १८० | ६०००.३० | २४९.७३ | ६२५०.०३ | २७५.७२ | ६५२५.७५ | ६७४.२५ | ७२००.०० | १५०.०० |
| Langghali | ७० | ३०० | १२००.०६ | १००.५७ | १३००.६३ | १५०.२९ | १४५०.९२ | ४९९.०८ | १९५०.०० | ६५.०० |
| Nano Extra Dry | ७० | ३०० | ११५०.३४ | ६४.४१ | १२१४.७५ | ७३.७५ | १२८८.५० | ३६१.५० | १६५०.०० | ५५.०० |
| Junkiri/Apple/ Orange/ Litchi, Lemon | ७० | ३०० | ११०१.७५ | ५०.८५ | ११५२.६० | ६२.१५ | १२१४.७५ | २८५.२५ | १५००.०० | ५०.०० |
| Rodhi/Kandara | ७० | ३०० | १०५९.९४ | ७५.७१ | ११३५.६५ | ९०.४० | १२२६.०५ | १२३.९५ | १३५० | ४५.०० |

नोटः माथि उल्लेखित मूल्यमा स्थानीय कर बाहेक अन्तःशूल्क र मू.अ.कर समेत समावेश गरिएको छ ।

## Nawajagaran Multiple Campus

**Madhyabindu-7, Chormara, Nawalparasi(East of BardghatSusta)**
**Gandaki Province, Nepal**

## Invitation for Bid

First Date of publication: 05/08/2025

1. Nawajagaran Multiple Campus invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Administrative Building-Phase I under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bid Document fee shall be deposited in Nepal Bank Limited, Chormara Branchin name of Nawajagaran Multiple Campus Acc. No.: 31800107257182000001.
4. The bid security may either be in the form of a bid security issued by Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee or cash deposit in deposit account of office. (Rastriya Banijya Bank, Kawasoti Branch, a/c no. 3200100004622001
5. Bid Security document shall be compulsory submitted according to the format provided in the bid document, otherwise the bid shall be excluded from the bid evaluation process.
6. Pre-bid meeting shall be held at Nawajagaran Multiple Campus at 25/08/2025
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. All other terms & conditions will be as per prevailing procurement act & regulations of government of Nepal.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT & PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 01/Works/ NCB/NMC/ 2082/83 | Construction of Administrative Building-Phase I | NCB-WORKS | 11643786.01 | 3000/- | 2,50,000/- | 90 days/ 120 days after bid opening | 03/09/2025 12.00 | 03/09/2025 14.00 |

**Chief**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२




**कोदो रोपाइँमा व्यस्त किसानः**

गुल्मीको इस्मा-३ दर्लामचौरमा यतिबेला कृषकहरुलाई कोदो रोपाइँमा भ्याइनभ्याइ छ। कृषि ज्ञानकेन्द्र गुल्मी र इस्मा गाउँपालिका वडा नं. ३ को सहकार्यमा दर्लामचौरमा यस वर्षको कोदो रोपाइँ सम्पन्न भएको छ भने गुल्मीका विभिन्न ठाउँहरुमा कोदो रोपाइँ चलिरहेको वडाध्यक्ष ज्योति कुँवरले जानकारी दिए। कोदोलाई पहिले गरिबको खाना भनेर भन्ने गरिन्थ्यो, तर अहिले शहरका होटल रेष्टुरेण्टमा विभिन्न परिकार बन्छन्। *तस्विरः तिलक महत*

# लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयको ८६.५१ प्रतिशत प्रगती



**कृष्ण पोखरेल**

*पाल्पा*

लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयले आर्थिक वर्ष २०८१/०८२ मा ८६.५१ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ। प्रदेश मन्त्रालयमै प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारुले मन्त्रालयमा एक वर्षभित्र भएका सुशासन, पारदर्शिता, जवाफदेहिता र गुणस्तरीय सेवाप्रवाहमा आधारित रहेर २५ बुँदे उपलब्धि सार्वजनिक गरेका हुन्।

स्वास्थ्यमन्त्री सारुले बुटवलमा निर्माण भइरहेको १२ सय शैयाको लुम्बिनी प्रादेशिक अस्पतालको २०८१ भदौ १५ मा शिलान्यास भई हालसम्म २७ प्रतिशत भौतिक प्रगति भएको, स्वास्थ्य प्रणालीलाई कानुनी रूपमा व्यवस्थित गर्न मन्त्रालयले ९ वटा नियमावली, कार्यविधि र निर्देशिकाहरू स्वीकृत तथा परिमार्जन गरेको, पाँचवर्षे मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति मन्त्रिपरिषद्‌बबाट पारित भई कार्यान्वयनको चरणमा रहेको मन्त्री सारुले बताए।

प्रदेशका सबै अस्पतालहरूमा ५४ प्रकारका सेवा तथा शुल्कमा एकरूपता कायम गरी वडापत्र र वेबसाइटमार्फत् सार्वजनिक गरिएको, स्वास्थ्य मन्त्रालय तथा मातहतका निकायहरूमा रहेका ४१ वटा सवारीसाधनमा जीपीएस ट्र्याकिङ प्रणाली लागू गरिएको, लुम्बिनी प्रादेशिक अस्पतालमा अनलाइन टिकट, डिजिटल भुक्तानी, स्तन स्वास्थ्य सेवा क्लिनिक, ९० शैयाको आन्तरिक रोग वार्ड, एम. आर. आई. सेवा सञ्चालनको तयारी, रगत संकलन तथा भण्डारण केन्द्रको व्यवस्थालगायतका कामहरुलाई प्रगती प्रतिवेलनमा समावेश गरिएको छ।

प्रदेश स्वास्थ्य मन्त्रालयले क्यान्सर, मुटु र मृगौला प्रत्यारोपण उपचारकालागि जिल्ला स्वास्थ्य कार्यालयमार्फत् सिफारिसको व्यवस्था लागू गरिएको छ भने १३ स्थानीयतहमा २६ जना रोभिङ्ग नर्स खटाइ मानसिक स्वास्थ्य, पोषण तथा मातृमृत्यु न्यूनीकरणसम्बन्धी सेवा र परामर्शकार्य सञ्चालन गरेको छ। गुल्मी अस्पतालमा विद्युतीय स्वास्थ्य अभिलेख प्रणाली लागू, मन्त्रालयस्तरमा सरकारी सूचना व्यवस्थापन प्रणालीमार्फत् सेवा प्रवाह, अस्पतालमा प्रयोग हुने उपकरण तथा सामग्री व्यवस्थापनका लागि उपकरण व्यवस्थापन सूचना प्रणाली सञ्चालनलगायतका कामहरु भएको मन्त्रालयले जनाएको छ।

यसैगरी स्वास्थ्य बिमा तथा जनस्वास्थ्य सेवा विस्तारअन्तर्गत ३हजार ८ सय ५१ जना बिरामीलाई विशेष आर्थिक सुविधा प्रदान गरिएको छ भने १ लाख ४ हजारभन्दा बढी नागरिकको नसर्ने रोग स्क्रिनिङ गरिएको छ। ३९ हजारभन्दा बढी ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवाप्रदान गरिएको छ भने ६९ हजारभन्दा बढी गर्भवती महिलाले संस्थागत प्रसूति सेवा लिएका छन्। मन्त्रालय मातहतका २, हजार ६४ जना कर्मचारीलाई स्वास्थ्य बिमामा आबद्ध गराइएको छ र ९ जिल्लामा मृगौलाको डायलाइसिस सेवा विस्तार गरिएको मन्त्रालयले सार्वजनिक गरेको छ।

५० शैयाको भालुवाङ अस्पतालमा कर्मचारी नियुक्ति गरी सेवा सुरु गरिएको, ४ वटा स्वास्थ्य संस्था भवन निर्माण सम्पन्न हुनुका साथै ७ वटा निर्माणाधीन अवस्थामा रहेको बताइएको छ। प्यूठानमा आयोजितनिःशुल्क स्वास्थ्य शिविरमार्फत् ७६ जना महिलाको पाठेघरको शल्यक्रिया, १०२ नम्बरमार्फत् प्रादेशिक एम्बुलेन्स सेवा सञ्चालन, तीन जिल्लामा फेमिली हेल्थप्रोफाइल तयार गरिएको तथा आगामी आर्थिक वर्षमा थप चार जिल्लामा विस्तार गरिने योजना रहेको मन्त्रालयले जनाएको छ। मन्त्री सारुले प्रदेशवासीको स्वास्थ्य सुधारमा मन्त्रालयले निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा अझ प्रभावकारी, सर्वसुलभ र जनउत्तरदायी सेवाप्रवाहमा केन्द्रित हुने प्रतिबद्धता गरेका छन्।

रिक्त प्राविधिक दरबन्दीमा करार सेवामार्फत् जनशक्ति भर्ना गरी सेवाविस्तार, प्रदेशका १२ वटै जिल्लामा पूर्णखोप सुनिश्चितता कायम, ३० स्थानीयतहलाई संस्थागत प्रसूति सेवायुक्त पालिका घोषणा, महिला, बालबालिका तथा किशोरी लक्षित पोषण सुधार कार्यक्रम सबै जिल्लामा सञ्चालन, बिजौरी आयुर्वेद चिकित्सालयबाट सुरु गरिएको स्वर्णबिन्दु प्राशन सेवाविस्तारका लागि मानव कार्यविधि तयारी अनुसार अब सबै जिल्लामा विस्तारको तयारी भएको मन्त्रालयले जनाएको छ।

# स्थानीय उत्पादन र उद्यमशिलताको प्रवर्धनबाट रोजगारी सिर्जना सम्भव : आचार्य



दाङ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्थानीय उत्पादन र उद्यमशिलताको प्रवर्धनमार्फत् रोजगारी सिर्जना गर्न सकिने बताएका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय राप्ती उपत्यका (देउखुरी) मा सोमबार उद्यमी बाबु रोकासँग भएको छलफलको क्रममा मुख्यमन्त्री आचार्यले नवप्रवर्तनयुक्त योजनासहित स्थानीय स्तरमै उत्पादन र स्वरोजगारलाई प्रोत्साहन गर्ने कार्यलाई प्रदेश सरकारले नीति तथा कार्यक्रमको प्राथमिकतामा राखेको जानकारी दिएका हुन्।

भूमिकास्थान-५, जोगिटारी अर्घाखाँची हाल लमही नगरपालिका-४, अर्नहवा निवासी उद्यमी रोकासँगको छलफलमा उनले भने-'हामीले स्थानीय उत्पादन र उद्यमशिलतामार्फत् समृद्धि हासिल गर्ने संकल्प गरेका छौं। स्थानीयस्तरमै उत्पादन बढाउने, बजारीकरणको अवसर विस्तार गर्ने र सीपमा आधारित रोजगार सृजना गर्न सरकार प्रतिबद्ध छ।'

छलफलमा भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल र मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार लक्ष्मणराज ज्ञवाली समेत सहभागी थिए।

मुख्यमन्त्री आचार्यले बाँसजन्य उत्पादनजस्ता स्थानीय स्रोतमा आधारित उद्योगहरूमार्फत् आम्दानी र रोजगारको सम्भावना धेरै रहेको उल्लेख गर्दै यस्ता क्षेत्रमा सरकारले नीति, योजना र सहुलियतमार्फत् सहयोग गर्ने स्पष्ट पारेका छन्।

उद्यमी रोकाले बाँसजन्य सामग्री उत्पादनमार्फत् स्वरोजगारमा जोड दिँदै स्थानीय युवालाई सीपमूलक तालिम र रोजगारीको अवसर सिर्जना गर्दै आएको उनले जानकारी गराए। उनले उत्पादन, बजारीकरण र प्रविधिमा थप सहयोगको आवश्यकता रहेको बताउँदै प्रदेश सरकारसँग सहकार्यको अपेक्षा व्यक्त गरे।

मुख्यमन्त्री आचार्यले स्थानीय स्रोत र ज्ञानमा आधारित उद्यमशिल प्रयासहरूलाई प्रोत्साहन गर्दै, समृद्ध प्रदेश निर्माणको योजनालाई कार्यान्वयनमा लगिएको जानकारी दिएका छन्।

# इनरह्वील क्लब अफ बुटवलद्वारा क्यान्सर जनचेतना कार्यक्रम

बुटवल। इनरह्वील क्लब अफ बुटवलले "क्यान्सर जनस्वास्थ्य सचेतना कार्यक्रम" सफलतापूर्वक सम्पन्न गरेको छ।

कार्यक्रम भारतको दिल्लीस्थित एम्स हस्पिटलबाट आएका वरिष्ठ क्यान्सर विशेषज्ञ डा. अन्सुमन कुमारको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

सो अवसरमा डा.अन्सुमनले क्यान्सरको जोखिम, यसका मुख्य लक्षणहरु तथा यसको प्रारम्भिक उपचार तथा प्रारम्भको जानकारी लगायतको बारेमा बताएका थिए।

कार्यक्रममा शुद्धोधन गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद बस्यालले क्यान्सरले ज्यान नै लिने भएकोले यो लाग्नै नदिन् र लागिहाले पनि लक्षण देखिँदासाथ उपचार गराउन आग्रह गरे।

सो अवसरमा ब्रह्मकुमारी विश्व विद्यालयका योगाचार्य रामकुमार, स्मार्ट ग्लोबल हेल्थ केयर सेन्टरका सल्लाहकार अनुज गुप्ता, पूर्व अध्यक्ष यमुना श्रेष्ठलगायतले बोलेका थिए।

कार्यक्रम क्लबकी अध्यक्ष श्रीमती बुलबुल श्रेष्ठले महिलाहरुमा क्यान्सरको जोखिम तुलनात्मक रुपमा बढि हुने भएको निकै फाइदाजनक विषय भएकोले यो कार्यक्रम आयोजना गरिएको बताइन्।

कार्यक्रमका संयोजक क्लबका पूर्व अध्यक्ष पुस्पा कसौधन रहेकी थिइन भने सह-संयोजकको भूमिका मीरा ओझाले निर्वाह गरेकि थिइन। कार्यक्रममा क्लबका पूर्व अध्यक्षहरू, सल्लाहकारहरू, बोर्ड सदस्यहरू, साधारण सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको क्लब सचिव गंगा श्रेष्ठले जानकारी दिइन।

# मेयरछात्रवृत्तिमा छनौट भएका विद्यार्थीलाई प्रमाणपत्र तथा शैक्षिक सामग्री




**गौरीशंकर जयसवाल**

*परासी*

रामग्राम नगरपालिकाले मेयरछात्रवृत्तिमा छनौट भएकालाई विद्यार्थीलाई प्रमाणपत्र तथा शैक्षिक सामग्री वितरण गरेको छ। नगरपालिकाले मेयरछात्रवृत्तिको लागि विद्यार्थीलाई लिएको परीक्षामा छनौट भएकोलाई प्रमाणपत्र तथा शैक्षिक सामग्री वितरण गरेको हो।

गरिब दलित विपन्न तथा आर्थिक अवस्था कमजोर भएका २५० जना विद्यार्थीलाई प्रमाणपत्र तथा शैक्षिक सामग्री वितरण गरिएको नगर उप-प्रमुख सम्झना चौधरीले जानकारी दिइन्। आर्थिक अवस्था कमजोर र गरिबीको कारण कोही पनि बालबालिका शिक्षाबाट वञ्चित नहुने उद्देश्यले मेयरछात्रवृत्ति विद्यार्थीलाई वितरण गरिएको उनले बताइन्।

रामग्राम नगरपालिका नगरप्रमुख यादवले प्रमाणपत्र तथा शैक्षिक सामग्री वितरण गर्दै नगरलाई सुन्दर र शिक्षाको विकास गर्न निजी विद्यालयको भूमिका उत्तिकै रहेको बताए। आर्थिक अवस्था कमजोर र सहिद परिवारका बच्चाहरु शिक्षाबाट वञ्चित नहुन भन्दै यो मेयरछात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको यादवले बताए। निजी विद्यालयको बराबरा संस्थागत विद्यालाय पनि शिक्षामा फड्को मार्ने गरी नगरको शिक्षामा लगानी गरी शिक्षाको विकासमा जोड दिइएको यादवले उल्लेख गरे। नगरको शिक्षामा सुधारमा नगरपालिका लागिपरेको उनले बताए। 'सङ्घ संस्थाको पनि आफ्नै सामाजिक उत्तरदायित्व छ, सोही अनुरूप हामीले अनुरोध गरेअनुसार संस्थागत विद्यालयहरूले छात्रवृत्तिमा अध्यापन गराउन तयार भएको यो निकै सुखद कुरा हो।'-नगरप्रमुख यादवले भने।

मापदण्डअनुसार गरिब, विपन्न, जेहेन्दार, सीमान्तकृत समुदाय, सहिद परिवारका बालबालिकाले कक्षा ४ देखि ११ सम्म पूर्णरुपमा निःशुल्क पढ्न पाउनेछन्। सामाजिक उत्तरदायित्व बहन गर्दै रामग्राम नगरपालिकाको अनुरोध अनुसार नगरभित्रका २३ वटा संस्थागत विद्यालयमा निःशुल्क विद्यार्थी अध्ययन गर्न पाउने गरी मेयर छात्रवृत्ति कार्यक्रम लागू गरिएको प्याब्सनका नगर अध्यक्ष बलिराम यादवले जानकारी दिए।

एउटा संस्थागत विद्यालयमा बढीमा १६ जना सम्म विद्यार्थी निःशुल्क अध्यापन गराउनु पर्ने गरी मापदण्ड तय गरिएको शिक्षा अधिकृत सुन्दर खनालले बताए। ७५० जना आवेदन परेको थियो।

गरिब, दलित, विपन्न गरी २५० जनाले परीक्षा उत्तीर्ण गरेका थिए। कार्यक्रम लिटिल ऐन्जल्सका सञ्चालक सुमन गोपाल आचार्य र अभिभावकतर्फ वीरेन्द्र ठाकुरले नगरपालिकाले आर्थिक कमजोर गरिब, विपन्न परिवारका बच्चाहरूलाई निःशुल्क पढाउन जुन सुविधा दिएको छ त्यो सराहनीय कार्य गरेको भन्दै प्रंशसा गरेका थिए।


**Butwal Sub-Metropolitan City**

**Office of the Municipal Executive**

**Butwal, Rupandehi**

**Lumbini Province, Nepal**

**Invitation for Bid**

Date of Publication: 2082/04/20 B.S.

1. Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the followings construction works.

| S.N | Contract No. | Description of works | Estimate Amount ( excluding VAT and Contingencies) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | 02/082-83 /BSMC/ IDD/ Works/ NCB | Construction of New Academic Building of Naya Gaun Secondary School at Ward No.12, Butwal Sub-Metropolitan City, Rupandehi | | 10,78,000.00 | 5,000.00 | 2082/05/19 B.S Time upto 12.00hrs | 2082/05/19 B.S. Time at 13.00 hrs |

2. Information to deposit the cost of bidding document and bid bond in the bank:

| Office Name | Butwal Sub-Metropolitan City, Butwal | |
|---|---|---|
| Office Code No. | 801054801 | Rastriya Banijya Bank, Butwal |
| Account Head | 14229 | |
| For Tender fee Deposit | Sutrarevenue.fcgo.gov.np | |

3. Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.
4. Pre-bid Meeting shall be held at Urban Infrastructure Development Division , Date : 2082/05/09, Time 13:00 hrs
5. Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.
6. Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Procurement Unit**
**Butwal Sub-Metropolitan City**
**Butwal, Rupandehi**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com